नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

कोष प्रशासन शाखा

**पत्र संख्याः- २०७३/०७४/**
**चलानी नं.** ४२६

**मितिः- २०७३।१२।११**

विषय :- स्थानीय निकायको खाता संचालन सम्वन्धमा थप स्पष्ट पारिएको।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु
सवै

यस कार्यालयको प.सं. च नं २४८ मिति २०७३।१२।०१ को खाता संचालन सम्बन्धी पत्रमा तपशिल बमोजिम थप स्पष्ट गर्ने मिति २०७३।१२।१० मा निर्णय भएको हुँदा कार्यान्वयनका लागि अनुरोध छ।

१. साबिकका गा.बि.स. नगरपालिका तथा जिल्ला बिकास समिति लगायतका स्थानीय निकाय भंग भै संबैधानिक ब्यबस्था अनुसार स्थानीय तहका रुपमा गाँउपालिका तथा नगरपालिका गठन भएको हुंदा गाँउपालिका एबं नगरपालिकाहरुको नाम यथाबत रहेको भएता पनि तीनका नाममा पनि साबिकका खाताहरु बन्द गरी नयां खाता खोल्न सम्बन्धित नगरपालिका गांउपालिका र सरकारी कारोवार गर्ने बैङ्कमा सिफारिस गरिदिने।

२. जिल्ला बिकास समितिको नाममा हालसम्म गएको निकासा मध्ये खर्च भै बांकी रहेको रकम जिल्ला बिकास समितिबाट फिर्ता प्राप्त गरी निकासा शुन्य गराउने र खर्च नभइ बांकी रहेको रकमलाइ जिल्ला समन्वय समितिको नाममा नयां अख्तियारी कायम गरी समन्वय समितिका लागि नयां कोड उपलब्ध गराइ नियमानुसार निकासा गर्ने।

३. साबिकका गा.बि.स. नगरपालिका तथा जिल्ला बिकास समितिहरुको नामको खाता बन्द हुंदाको मिति सम्म जारी भएका तर साट्न वांकी चेकहरुको सम्वन्धित निकायवाट प्रमाणीत विवरण प्राप्त गरी भुक्तानीका लागि सम्बन्धित सरकारी कारोवार गर्ने बैङ्कमा सिफारिस गरिदिने।

४. साबिकमा जि.वि.स.को नाममा अख्तियारी गई जि.बि.स.कै उप शिर्षकवाट निकाशा हुने निक्षेपित निकायको वजेटको सम्वन्धमा समेत जि.बि.स. भंग हुँदा सम्मको निकासा घटाइ बाँकी रकम निकासा गर्न जिल्ला समन्वय समिति कै नाममा अख्तियारी कायम गरी साविक व्यवस्था बमोजिम नै जिल्ला समन्वय समितिको कार्यालय कोडबाटै सम्वन्धित निक्षेपित कार्यालयलाई निकासा दिने ब्यबस्था मिलाउने।

भीष्म प्रसाद न्यौपाने
उप म.ले.नि

बोधार्थ
श्री संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय
श्री नेपाल राष्ट्र बैंक बैकिंङ कार्यालय थापाथली

निजामति सेवाको सपना, समृद्ध नेपालको रचना

अनामनगर, काठमाण्डौ, फोनः ०१-४४३८५३६, ४४३८५४५, फ्याक्सः ०१-४४१४६५१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np